# घर भाडामा लिने सम्बन्धी सूचना

(प्रकाशित मिति २०७६/१०/१९)

गरिमा विकास बैंक लिमिटेडको शाखा कार्यालय संचालनको लागि देहाय बमोजिमको स्थानमा उपयुक्त घर भाडामा लिनुपर्ने भएकोले ईच्छुक घरधनीहरुले सूचना प्रकाशित मितिबाट १५ दिन (२०७६/११/०१) भित्र कार्यालय समयमा आवश्यक कागजात सहित बैंकको प्रधान कार्यालय, प्रशासन विभागमा तोकिएको ढाँचा बमोजिमको निवेदन पेश गर्नुहुन अनुरोध छ। निवेदनको ढांचा बैंकको तल उल्लेखित प्रधान कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

**(क) घर भाडामा चाहिएको स्थान सम्बन्धी विवरण :**

**प्रस्तावित स्थानहरू :**

| क्र.सं | जिल्ला | स्थान |
|---|---|---|
| १ | काठमाण्डौ | काठमाण्डौ, महानगरपालिका वाड नं. ३०, मैतिदेवी |
| २ | काठमाण्डौ | काठमाण्डौ, महानगरपालिका वाड नं. १४, कुलेश्वर |
| ३ | काठमाण्डौ | काठमाण्डौ, महानगरपालिका वाड नं. १६, ढुंगेधारा |
| ४ | काठमाण्डौ | काठमाण्डौ, महानगरपालिका वाड नं. ३२, पेप्सीकोला |
| ५ | काठमाण्डौ | चन्द्रागिरी नगरपालिका वाड नं. ११, सतुंगल |
| ६ | ललितपुर | महालक्ष्मी, नगरपालिका वाड नं. ४, इमाडोल |
| ७ | भक्तपुर | मध्यपुर ठिमी, नगरपालिका वाड नं. ३, कौशलटार |
| ८ | कास्की | पोखरा, महानगरपालिका वाड नं.१, वगर |
| ९ | धनुषा | जनकपुर, उपमहानगरपालिका वाड नं. ४, मुरलीचोक |
| १० | बारा | कलैया, उपमहानगरपालिका वाड नं. १, भरतचोक |

प्रस्तावित घरको क्षेत्रफल : कम्तिमा १५०० वर्गफिट आवश्यक

**(ख) शर्तहरू:**

(१) घर पक्की हुनुपर्ने छ।

(२) घरको बाहिरी बनाबटमा कुनै असर नपर्ने गरी भित्री बनावटलाई बैंकले आफ्नो आवश्यकता बमोजिम पुननिर्माण गर्नुपर्ने भएकोले सो को लागि घरधनी सहमत हुनुपर्नेछ।

(३) कम्तिमा घर १० वर्ष सम्मका लागि सम्झौता गर्न घरधनी सहमत हुनुपर्ने छ साथै सम्झौता गर्ने समयमा घर खाली भईसकेको हुनुपर्नेछ।

(४) बैंकले बेरोकतोक स्वतन्त्रतापुर्वक उपभोग गर्न पाउने क्षेत्रफल माथि उल्लेख भएबमोजिम हुनुपर्नेछ। भुईंतला सहितको घरलाई विशेष प्राथमिकता दिइनेछ। पायक पर्ने स्थान भएमा क्षेत्रफल सम्बन्धमा बैंक लचिलो हुन सक्नेछ।

(५) कार्यालय रहने घरमा कार्यालयका लागि आवश्यक पानी, ढल, पार्किङ, लगायतका सुविधा भएको हुनुपर्ने छ।

(६) बैंकले तयार पारेको निवेदन फाराममा उल्लेख भएका विषयवस्तुहरु घरधनी स्वयंले स्पष्टसंग भरेको हुनुपर्नेछ।

(७) कुन घर भाडामा लिने भन्ने निर्णय बैंक व्यवस्थापनको हुनेछ। निवेदक घरधनीले आफ्नो घर के कति कारणले भाडामा नलिएको हो भन्ने विषय उठाई कुनै विवाद गर्न पाइनेछैन।

(८) बैंकले भाडामा लिने घरमा ३ Phase Line, तथा संचारका लागि आवश्यक उपकरणहरु जडान गर्नुपर्ने भएकोले सो को लागि घरधनी सहमत हुनुपर्नेछ। साथै बैंकको लागि आवश्यक जेनेरेटर लगायतका उपकरण राख्ने स्थान भएको हुनुपर्ने छ।

(९) घरभाडा सम्झौताका अन्य शर्तहरु घरभाडामा लिनेदिने सम्बन्धि करारनामा गर्दाको बखत दुई पक्षको सहमतिमा तय गरिनेछ।

**(ग) निवेदन संग संलग्न गर्नुपर्ने कागजातहरू :**

(१) घरधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) लालपुर्जा तथा तिरो/सम्पत्तिकर तिरेको रसिदको प्रतिलिपि,

(३) घरको नक्सा पास गर्नुपर्ने स्थानको हकमा सम्बन्धित निकायबाट स्विकृत घरको नक्सा पास प्रमाण तथा घरनिर्माण सम्पन्न भएको प्रमाण पुग्ने कागजात,

(४) रितपुर्वक भरेको निवेदन फाराम,

"Access to All"

**गरिमा विकास बैंक लिमिटेड**

**Garima Bikas Bank Limited**

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

लाजिम्पाट २, काठमाडौं

फोन नम्बर: ०१-४४४५४२४, ०१-४४४५४२६, फ्याक्स नम्बर: ०१-४४४५४३०

Mail:-info@garimabank.com.np